# १. शहीद

गुरुप्रसाद मैनाली, नासो कथासङ्ग्रह।

## १.१. १

"बाबू।"

"ओ देवता बाबू"

"सुन्नुभएन ?"

अखबारका पङ्क्तिबाट आँखा हटाएर मैले आगन्तुकपट्टि हेरेँ। उसका हातमा एउटा सादा लिफाफा र एक पाना कागज थियो। हल्ला मच्चाएर मेरो शान्ति भङ्ग गरिदिएको हुनाले आगन्तुकउपर मलाई अलिअलि रिस उठिराखेको थियो। झर्केर सोधेँ, "के बाबुबाबु चिच्च्याइरहेको ? को बाबुलाई खोज्छौ तिमी ?"

"उही कलेजमा पढ्ने गोरोगोरो पातलो बाबु क्या, चस्मा लाउने।"

आगन्तुक शायद मभन्दा पहिले यस कोठामा बस्ने विद्यार्थीलाई खोजिरहेको थियो। मैले उत्तर दिएँ, "उनी त अस्ति नै गइसके।"

"गइसके। ओहो। एकपटक खबर पनि दिएनन्। साँच्चै नेपालको मानिसलाई मायामोह भनेको एक जात हुँदैन ! अब लौ, मेरी डल्लीलाई खत कसले लेखिदिन्छ।"

मैले उत्सुकतापूर्वक सोधेँ, "को डल्लीलाई चिठी लेखाउँछौ ?"

"रामकी आमालाई।"

"को रामकी आमा ?"

आगन्तुकले आँखा झिम्क्याएर आफ्नू अट्टहासले कोठा घन्काउँदै भन्यो, "मेरी स्वास्नी क्या। रामकी आमा। अब त बुझ्नुभो ?"

एकछिनपछि आगन्तुकले हातको कागज र लिफाफा मतिर लम्काएर भन्यो, "अच्छा बाबू नै लेखिदिनोस्।"

"मलाई कसैको चिठीसिठी लेख्ने फुर्सद छैन।"

"वाह, फुर्सद छैन। यो त गजबको कुरो गर्नुभो। देवता बाबू कति जनाको चिठी लेखिदिन्थे, थाहा पाउनुहुन्छ ? शहरका आधाभन्दा बढ्ता कुल्लीकवाडी दरवान, रिक्सावाला नेपालीहरूको चिठी उनै लेखिदिन्थे। बिरामी हुँदा ओखतीमूलो गराउँथे। कति जनालाई नोकरी लगाइदिन्थे। कयौँ बेखर्चीलाई खर्च दिएर पाल्थे। के गर्नु, उनी दुई वर्ष बसिदिएको भए नेपालीहरूको ठूलो उपकार हुने थियो !"

"उनलाई फुर्सद हुँदो हो, लेख्दा हुन्। मसँग अर्काको चिठीसिठी लेख्ने त्यस्तो फाल्तु टाइम छैन।"

आगन्तुकले ठूलाठूला आँखा तुल्याएर टाउको हल्लाएर भन्यो, “वाह !, एउटा सानो चिठी लेखिदिने टाइम छैन। साँच्चै आजकालका तपाईं पढेलेखेका मानिसहरूले दयामाया भन्ने कुरालाई ठ्याम्मै बिर्सिदिनुभो बा। यो त बडो दुःखको कुरा हो।”

एकछिनपछि आगन्तुकले आँखा झिम्क्याएर उही अट्टाहासका साथ भन्यो, “अच्छा, पैसा लिनुहुन्छ ?”

“अँ, कति दिन्छौ ?”

“पैसासैसा मसँग एक कौडी पनि छैन। तपाईं नेपाल फर्कने बेलामा आफ्ना रिक्सामा राखेर स्टेसनसम्म पुऱ्याइदिउँला। भन्नुहोस् मञ्जुर छ ?”

“पक्का ?”

“बिलकुल पक्का साहेब, वीरबहादुर कसैलाई धोका दिन जान्दैन।”

आगन्तुकका हातबाट कागज लिफाफा लिएर उसले भनेबमोजिम चिठी लेखिदिएँ। चिठीको मजबुन यस्तो थियो, ” दरबानीमा लाउनखान मात्र ठीक हुने, एक पैसा नजोगिने हुनाले आजकाल रिक्सा चलाउने काम गरिरहेको छु। साह्रै कडा मिहिनेत गर्नुपर्छ। खाने-सुत्ने फुर्सद रहँदैन। अहिले शय जम्मा पारिसकेँ, अब दशैंसम्ममा छ-सात शय पुऱ्याउँछु, र दशैंमा घर आउँछु अनि खेत निखन्नुपर्ला। दशैंमा आउँदा तिमी र रामलाई नयाँनयाँ कपडाहरू लिएर आउनेछु। अब त राम ठूलो भइसक्यो होला। चकचक गरेर तिमीलाई हैरान पार्दो हो। सडकमा सानासाना केटाकेटी खेलेको देख्दा मलाई रामको झझल्को लाग्छ। यति टाढा परदेशमा खालि तिमीहरूको मायाले बाँचिरहेको छु” इत्यादि।

चिठी सुनिसकेपछि उसले आफ्नू हाँसोले कोठा घन्काउँदै आँखा झिम्क्याएर भन्यो, “वाह बाबू, वाह। चिठी हेर्ने बित्तिकै रामोराम डल्ली दङ्ग पर्छे। तपाईं त देवता बाबूभन्दा पनि राम्रो लेख्नुहुँदो रहेछ गाँठे। सत्ते अब पन्ध्र दिनमा सारा कुल्लीदरवानहरूले घेरेनन् भने मलाई भन्नू”।

मैले हाँसेर भनेँ, “हो, रिक्सा त हाँकिरहेकै छौ, अब चिठी लेख्ने कुरो घण्टा बजाएर सबैलाई सुनाउँदै हिँड्नु।”

अनि उसले एकछिन भित्तापट्टि हेरेर लामू सास फेरेर भन्यो,“मैले कसैलाई सुनाउनु पर्दैन बाबू, यस कमरामा सबै आफैँ आइपुग्छन्। यो देवता बाबू बस्ने कमरा हो”।

एकछिन पछि मैले सोधेँ, “वीरबहादुर। के तिम्रो खेत अर्काले लिएको छ ?”

“जी गाउँकै साहुले पाँच शयको बन्धकमा खाएको छ।”

“एकैपटक किन त्यतिको ऋण लिएको त ?”

“किन एकैपटक लिन्थे ? डल्लीलाई बिहे गर्दा एक शय लिएको थिएँ। त्यसैलाई दोब्र्याई-तेब्र्याई पाँच सय पारेर खेत खाइरहेको छ। खेत कस्तो छ नि जान्नुभो ? तीन बाली लाग्छ; बीस मुरी मसिनो धान फल्छ। गाउँभरिको मुटु खेत हो हजुर, बाजेले किनेको।”

“तिमीले बिहे गरेको कति वर्ष भो ?”

"दश वर्ष भो, त्यस बेला डल्ली चौध वर्षकी हुँदी हो, अहिले चौबीस वर्षकी भई।"

"दशै वर्षमा एक सयको पाँच सय भो त ?"

"ब्याज कति लिन्छ नि जान्नुभो ? सैकडा पच्चीस, अनि ब्याजको स्याज, स्याजको प्याज गर्दा पाँच सय पुग्न कति बेर लाग्छ र ?"

एक छिनपछि बिँडी सल्काउँदै हाँसेर भन्यो, "खाओस् साले, कति दिन खाला ?"

मैले मनमनले भनेँ, "सरकार गरिब प्रजालाई सस्तो ब्याजमा ऋण दिने प्रबन्ध किन गर्दैन ?"

## १.२. २

एक दिन बिहान वीरबहादुर मेरा कोठामा पस्यो र मलाई देख्नेबित्तिक्कै सलाम गरेर उही दिव्य हास्यका साथ भन्यो, "थाहा पाउनुभो बाबू ! आज चोरले मेरो ट्रँङ्क फोरेर सबै रूपियाँ चोरेछ। थानामा रपट लेखाएर आउँदै छु।"

मैले विस्मयका साथ सोधेँ, "के सबै लगेछ ?"

"एक पैसा पनि बाँकी छैन, कपडालत्ता पनि लगेछ।"

वीरबहादुरका कुरा सुनेर मलाई अपार दुःख भो, मनमनले भनेँ, "साहूका पीरले स्वास्ती छोराछोरी छोडेर विदेशिएको यस गरिवले पसिना बगाएर कमाएको धन कुन पापीले छिनायो होला ?"

एकछिनपछि बिँडी सल्काउँदै वीरबहादुरले भन्यो, "जान्नुभो बाबू कसले चोरी गऱ्यो ?"

"म के जानूँ, कसले चोरी गऱ्यो, म चोरी गर्न थोरै गएको थिएँ र ?"

"त्यही धने सालेको काम हो, लौ जे किरिया हाल् भने पनि सक्छु। हातहतै फल दिएनन् भने मलाई भन्नुहोला।"

मैले लामू सास फेरेर भनेँ, "नाईं फल त अवश्यै पाउनुपर्छ।"

"चोरी गरेर के गर्छ नि जान्नुभो ? रातभर तेह्र नम्बरको कमरामा बसेर जुवा खेल्छ अनि बाँकी पैसा त्यही स्टिसननेरको चिया बेच्ने साहिँली छ नि, हो त्यही रण्डी लाई दिन्छ र रक्सी धोकेर आधा दिनसम्म सुतिरहन्छ।"

"त्यो साहिँली भन्ने कहाँकी मानिस रहिछ वीरबहादुर ?"

"कोनि, राँड पोखरातिरकी छेत्रिनी हुँ भन्छे। मान्छेहरू दमै टिपेर आएकी भन्दछन्। यहाँ आउँदा एउटा नौजवान मगर लिएर आएकी थिई। मगर ठीटो खसी काटेर मासु बेच्थ्यो। बिचरा पोहोर साल हैजाले मऱ्यो। त्यसपछि तीन दर्जन पुऱ्याइसकी होली। शहरभरिका ड्राइभर-दरबानहरूको अखडा त्यहीँ छ। राँडी गाजल लाएर, पान चपाएर बसिरहन्छे। अस्ति भन्थी 'वीरबहादुर दाइ, तपाई त कहिल्यै पनि आउनुहुन्न, हामीसँग रिसाउनु भएको छ क्यारे ?' एक नम्बरकी चेपारे छ राँड।"

“कहिलेकाहीँ तिमी पनि गस्ती लगाउँछौ कि वीरबहादुर, कसो हो ?”

“रामाराम जे कसम ख्वाउनुहोस्, घरमा भगवतीजस्ती स्वास्नी छ हजुर। छोरो पाएकी। वीरबहादुर त्यस्तो नालायक काम कहिल्यै गर्दैन।”

“धने को हो नि, वीरबहादुर ?”

“नुवाकोटको क्षत्री हो, मिलमा भैँसागाडा हाँक्छ।”

“तिमीहरू परदेशमा किन रूपियाँपैसा साथमा राख्छौ ? डाँकखानाको सेभिङ ब्याङ्कमा जम्मा गर्ने गर। त्यसो गरे त चोरिने डर रहँदैन नि।”

“के गर्नु हजुर, हामी पहाडपर्वतका नपढेका मानिसलाई तं त्यस्तो गरिरहन पनि असजिलो पर्दो रहेछ।”

एकछिनपछि वीरबहादुरले टेबिलमा राखेको घडीपट्टी हेरेर आङ तानेर भन्यो, “ओहो ! आठ बजिसकेछ। बिदा दिनोस् बाबू। तीन-तीन जना बिरामीलाई ख्वाउनु छ। बिचराहरू भोकले छटपटाइरहेका होलान्।”

“बिरामीलाई ख्वाउनु छ ? को बिरामी छ ?”

“को-को भनूँ बाबू, मलाई रोजै दुई-चार जना बिरामीको स्यहारसुसार गर्ने काम परिआउँछ। आज नम्बर सातमा दुई जना छन्, नम्बर पाँचमा एक जना। परदेशको ठाउँ, बिचराहरू बिरामी हुनासाथ बोलाउँछन्, आफ्नू मुलुकका मानिस् हुन् बाबू ! हामीले नहेरे कसले हेर्छ ?”

वीरबहादुर उठेर गयो। मेरा मनमा कुरा खेल्न थाल्यो, “यो कस्तो विचित्रको मानिस हो, सालभरको कमाई चोरियो भन्छ तर फिक्री छैन। झन् बिरामीहरूलाई ख्वाउने-प्याउने दायित्व बोकेर हिँड्छ। यसलाई नेपालीहरू आफ्ना मानिस भन्ने पूरा ख्याल छ।”

दायित्व लिएर मात्र दायित्व परिआउने हो कि नलिए पनि पर्ने हो, मैले केही निर्णय गर्न सकिनँ।

## १.३. ३

एक सातापछिको कुरो हो। वीरबहादुरसँग स्टेसननिरको रूखमुनि भेट भो। साइकल-रिक्सा सिँयालमा राखेर पानको पसलअगाडि बिँडी तान्न लागेको रहेछ। मलाई देख्नासाथ अग्लो हात उठाएर सलाम गऱ्यो र उही आफ्नो दिव्य हास्यका साथ भन्यो, “थाहा पाउनुमो बाबू ! धने साले गिरफ्तार भो। हिजो राति ट्रेनबाट एकजना नेपाली मुसाफिरको कुम्लो टिपेर भाग्न लागेको रहेछ। पुलिसले उत्तिखेरै पक्रेर लग्यो, अहिले थानाको हाजतमा बसिरहेछ। अब बजिया तीन वर्ष जाकिएन भने मलाई भन्नुहोला।”

“हजनमा भएको तिमीले खुद देख्यौ ?”

“खुद थानाबाट सरासर आउँदै छु”

“के खुशी लागेर हेर्न गएको त ?”

"नाइँ बाबू, त्यो पापी थुनिएकोमा के को खुशी लाग्ने दरोगासाहेबलाई पुऱ्याउन भएको थिएँ। बजिया हातमा कम्बल ओढेर हतकठी लागएर झोक्रिएर बसेको रहेछ। मलाई देखेर भन्थ्यो, 'दाई मद्दत गर'। चहेँ भने सालेलाई भोली छोडाउन सक्छु तर यसपाली चेतोस्।"

"चोरीमा गिरफ्तार भएको मानिस कसैले छोडाउँदैमा छुट्न सक्छ र ?"

"जान्नुहुन्छ बाबू, सारा दरोगा-पुलिसहरू वीरबहादुरको हातमा छन्। सब सालेलाई त मै लादीलादी हिँड्छु। पुलिसहरू कुनै सालेसँग भाडा लिन्नँ। त्यो मोटो दरोगा छ नि, हो त्यसलाई भनिदिएँ भने भोलि छोडिदिन्छ तर एकपटक त सातो लिन्छ।"

"भो पुलिसले छोडिदिन्छ, त्यही भरोसामा बस।"

"के कुरा गर्नुहुन्छ, पोहोर साल हिन्दू-मुसलमानको दङ्गामा त्यसलाई मैले बँचाएको हुँ बाबू! एउटा मूसलमानले छुरा हानेर त्यसको भुँडी खसाईसकेको थियो, चट्ट म अगाडि गएर छेकेँ र बाँच्यो। त्यसलाई लाग्ने छुरा मेरो पाखुरामा लाग्यो र पन्ध्र दिन अस्पतालमा सुतेँ। अहिलेसम्म खत छँदै छ, नपत्याए यी हेर्नुहोस्।"

वीरबहादुरले कमिजको बाहुला सारेर खत देखायो र फेरि गर्वका साथ भन्यो, "त्यहाँदेखि मैले जे भने पनि मान्छ। त्यसलाई भनेर मैले चार जना नेपालीलाई छोडाइसकेको छु। पोहोर साल त्यही धने सालेलाई पनि शराबको केसमा छोडाइदिएको थिएँ। यसपालि छोडाउन्नँ। सालेको बानी छुटोस्।" एकछिनपछि भन्यो, "आज मुसाफिरहरू छैनन् बाबू, डेरामा जान्छु, त्यो पाँच नम्बर कोठामा बस्ने बिरामी सिकिस्त छ। सायद बँच्दैन क्यार। मऱ्यो भने फेरी घाटमा पुऱ्याउनुपर्छ।"

"त्यो बिरामी कहाँको मानिस हो वीरबहादुर ?"

"रामेछापको गुरूङ हो। त्यहाँ परको बङ्गालीकहाँ भाँडा माझ्थ्यो।"

"के मरेका जति सबैलाई घाटमा पुऱ्याउँछन्।"

"बेबारिसे मुर्दालाई कसले पुऱ्याउँथ्यो बाबू, डूम-मेहतरले कुकुर-बिरालो फालेझैँ घिच्च्याएर फालिदिन्छन्। मैले भेटेका जतिलाई घाटमा पुऱ्याएर जालईदिने गरेको छु। तर के गर्नु बाबू, बोक्ने मानिस र दाउराले बढो मुस्कील पर्छ। नेपालीहरूलाई भन्न् गयो भने यो जात र क जात भन्न थाल्छन्। कफन, दाउरमा गरेर मेरो हरसाल सौसवासौ रूपियाँ खर्च हुन्छ। अब के गर्ने त, आफ्ना देशका मानिस हुन्। अर्थोक नभए पनि धर्म त होला।"

एकछिनपछि रिक्सामा चढेर भन्यो, "तपाईंको डेरा पनि त उतै हो नि, बस्नुहोस डेरानेर उतारिदिउँला।"

मैले हाँसेर भनेँ, "भाडा लिने भए मात्रै बस्छु किनकि म पुलिस होइन नि, भाडा लिन मञ्जुर छौ ?"

"अरे बाबू त्यति बित्ताभरको ठाउँमा उतारिदिन पनि तपाईसँग भाडा लिने। गरिब छु, मजदुरी गर्छु तर पैसाको निम्ति आत्मा बेचेको छैनँ।"

"यो रिक्सा त आफ्नै होला ?"

"नाई बाबू। आफ्नू भए त बेचबाच पारेर पोरै घर पुगिसक्ने थिएँ। घण्टाघरको सामुन्ने त्यो बिल्डिङ छ नि, हो त्यही मारवाडीको हो। शहरमा उसका एक शय रिक्सा चल्छन्।"

"साँच्चै भन त वीरबहादुर, दिनमा कति कमाउँछौ ?"

"के कमाउनु बाबू, कुनै दिन आठ-दश रूपियाँ पनि होइजान्छ, कुनै कुनै दिन जेबबाट रिक्साको किराया तिरेर डेरामा जान्छु।"

"रिक्सा नचलेको दिनको पनि किराया तिर्नुपर्छ ? यो त सरासर जुलुम हो भाइ।"

"गाडी चलोस् या नचलोस्, एक पैसा छोड्दैन, एक नम्बरको चुइयाँ छ साले।"

"किराया कति दिनुपर्छ नि ?"

"रोजको तीन रूपियाँ। केही छैन बाबू। तन काटेर दुई पैसा निकाल्छौँ।"

वीरबहादुर मलाई जवाफ पनि दिँदै जान्थ्यो, बाटामा परिचित मानिसलाई हात उठाएर कसैलाई राम-राम कसैलाई 'सलाम' पनि भन्दै जान्थ्यो। ऊ रिक्सा वेगसँग दौडाइरहेको थियो। कति मानिससँग परिचय थियो उसको, त्सको खुस मिजास र विनयशीलता देखेर म दङ्ग भइरहेको थिएँ।

## १.४. ४

डेढ-दुई महिनापछिको कुरा हो, एक दिन बिहान वीरबहादुर फेरि मेरो कोठामा दाखिल भयो। उसका दुवै आँखामा आँसु छचल्किरहेका थिए। मलाई देख्नेबित्तिक्कै छातीमा भक्कानु पारेर रून लाग्यो।

मैले मनमनमा भनेँ, "यस दुःखलाई हाँसोमा उडाइदिने निःशोक प्राणीको हृदय आज कुन महान् आघातले विचलित गरायो होला ? यो चोट अवश्य सामान्य छैन होला ?" अनि प्रकटमा भने, "किन यस्तो विवश भइरहेका छौ वीरबहादुर ? तिमीलाई के भो ?"

"के भन्नु बाबू ! मेरो राम खसेछ। मेरो राजालाई दैवले चुँडेर लग्यो।"

वीरबहादुर झन् घोप्टो परेर डाँको छोडेर रून लाग्यो। मैले पनि मन थाम्न सकिनँ, गहभरि आँसु भो। एकैछिनपछि वीरबहादुरले आँसु पुछ्दै भन्यो, "मेरो राम राजा-रहिसको छोरोजस्तो राम्रो थियो। गोरो, कलकलाउँदो, यति अग्लो निधार भएको, बाँचिरहेको भए ठूलो मानिस हुने थियो।"

अनि उसले अलि धैर्य गरेर भन्यो, "यो साल मेरो ठूलो दशा रहेछ बाबू ! भएभरको कमाइ चोरले लग्यो। आज छोरो मरेको चिठी आयो। उता डल्ली रोएर मर्न लागेकी होली। भर्सेला परोस् साहू ! म भोलि घर जान्छु हजुर !"

भोलिपल्ट वीरबहादुरलाई पुऱ्याउन म पनि स्टेसनसम्म गएँ। धनसम्पत्तिको नाउँमा ऊसँग एउटा कब्जा फुक्लेको थोत्रो ट्रङ्क र एउटा पुरानो कम्बलको सानु गुन्टासिवाय केही थिएन। इन्जिनले सिटी दिएपछि उसले गहभरि आँसु पारेर सलाम गऱ्यो। मेरो आँखाबाट पनि अचानक दुई थोपा आँसु खसे।

रेल हिडेपछि पनि मैले धेरैबेरसम्म वीरबहादुरको झ्यालतिर हेरिरहेँ। मलाई आज आफ्नै परिवारको कुनै आत्मीय व्यक्ति विछोड भएजस्तो दुःख भैरहेको थियो।

## १.५. ५

नेपालमा भित्रै सल्केको क्रान्तिको आगो एकैपटक दन्कियो। आफ्ना प्यारा प्रजालाई आजाद गराउनका निमित्त हाम्रा वीर सम्राट् त्रिभुवन वीरविक्रम शाहदेव ००७ साल कार्तिक २१ गते आफ्ना सारा परिवार लिई शरणार्थीका रूपमा नेपालको हिन्द-दुतावासमा प्रवेश गर्नुभो र कार्तिक २६ गते हिन्द-सरकारका संरक्षणमा विमानद्वारा दिल्लीतर्फ प्रस्थान गर्नुभो। त्यै दिन सातको ३ बजे नेपाली काङ्ग्रेसले पूर्व मानेभञ्ज्याङ्देखि लिएर पश्चिम महाकालीसम्म नेपालका सामन्ती सरकारका विरूद्ध गृहयुद्धको घोषणा गऱ्यो। काङ्ग्रेसले नौतनवा, गोरखपुर, पटना, लखनौ, कटिहार इत्यादि ठाउँठाउँमा जनमुक्ति सेनाको भर्ती शुरू गऱ्यो। भारतका स्कुल-कलेजहरूमा पढ्ने धेरैजसो नेपाली विद्यार्थीहरुले पनि क्रन्तिमा सक्रिय भाग लिए। हामी ठाउँठाउँका मेडिकल कलेजमा पढ्ने विद्यार्थीहरू पनि रेडक्रसमा काम गर्ना निमित्त काङ्ग्रेसको हेड अफिसमा जम्मा भयौ। म विराटनगरको सैनिक अस्पतालमा खटिएँ।

रातको ९ बजे म हस्पिटलको वार्डमा प्रवेश गरेर घायल सैनिकहरुको जाँच गर्न लागेँ। त्यस्तैमा पर कुनाको बेडबाट-एक जना घायल सैनिकले भन्यो, "बाबू। जय नेपाल!"

स्वर चिनेजस्तो लाग्यो तर ठम्याउन सकिनँ बेडनजिकै पुगेँ। म अकमकिएको देखेर क्षीणस्वरले भन्यो, "चिन्नु भएन बाबू, वीरबहादुरलाई?"

मेरो आश्चर्यको सीमा रहेन, उत्सुकतापूर्वक सोधेँ, "वीरबहादुर, तिमी यहाँ कसरी आइपुग्यौ? तिमी त, घर हिँडेका थियौ।"

उसले आँसु झार्दै भन्यो, "तपाईंसँग विदा भएर पर्सिपल्ट बिहान गोरखपुर पुगेँ। प्लेटफारममा अचानक देवता बाबूसँग भेट भो र उहाँले आश्चर्य मानेर सोध्नुभयो, 'वीरवहादुर, तिमी यस्तो छाँटसँग, कहाँ जान लागेको?'मैले रोएर आफ्नू हाल सबै भनिदिएँ। अनि उहाँले गहभरी आँसु पारेर भन्नुभो- 'हरे, राम खसेछ? डल्लीलाई कस्तो छ नि?' मैले भनेँ, 'ऊ पनि रोएर मर्न लागेको होली।' "

"अनि?"

"अनि देवता बाबूले भन्नुभो, 'वीरबहादुर संसार यस्तै छ, अपशोच नगर। हामीले आजादीको लागि नेपालका सामन्ती सरकारसँग लडाइँ सुरू गऱ्यौं। मुक्तिसेनाका निमित्त स्वयमसेवकहरूको बहुतै जरूरत छ। तिमीजस्ता बहादुर कमाण्डर पाए एउटा मोर्चामा हाम्रो अवश्य विजय हुनेछ। तिमी घर जान पाउँदैनौ, सेनामा भर्ती हुनुपर्छ।' मैले हात जोडेर भने, 'बाबू, एकपटक डल्लीको मुन मात्रे हेरेर आउनु दिनुहोस् अनि जे भन्नुहुन्छ, मान्नेछु।' "

"अनि?"

"अनि उहाँले भन्नुभो, 'हेर वीरबहादुर। तिमीलाई यो कुरा सुनेर दुःख लाग्ला। मेरो पनि भदौमा जहान परलोक भैछन्। काखको छोरालई दिदी लगेर पाल्नुभएको छ अरे। उता सरकारले घरखेत जफत

गरिराखेको छ। आफू चन्दा मागेर खान्छु। भन त, मेरो मन कस्तो भएको होला? तर याद राख, आमाको पुकारभन्दा स्वास्नी, छोराछोरीको पुकार ठूलो होइन। जञ्जीरले बाँधिएकी नेपाल आमा यस बखत आफ्ना समस्त सन्तानसामु हात पसारेर रोइरहेकी छिन्। आमाको बन्धन हामी सबैले मिलेर तोड्नुपर्छ। तिमीलाई थाहै छ, सन् ४२ को गदरमा भारतका हजारौँ लालहरूले देशका निमित्त कसरी हँसीहाँसीकन आफ्नो प्राणको बलि दिए। तिमीलाई आमाको माया लाग्दैन? एक दिन मर्नु त छँदै छ, मानिसले मर्न जान्नुपर्छ। जुन जाति मर्न जान्दछ, बाँच्न पनि त्यसैले जानेको हुन्छ।' "

"अनि?"

"अनि के? तपाइँलाई थाहै छ, हामी देवता बाबुको आज्ञा काट्न सक्दैनौँ। उहाँले मलाई पनि प्लाटुन कमान्डरमा भर्ती गरेर विराटनगर पठाइदिनुभयो। त्यही बेला विश्वस्त सूत्रबाट थाहा भो, विराटनगरका सरकारी सेनाका मद्दतका निमित्त नेपालबाट तीन शय फौज तराईको बाटो आइरहेका छन्। यो खबर पाएर हाम्रा सेनापतिले शय जवान सिपाही दिएर सरकारी सेना रोक्ने काममा मलाई खटाउनुभो। कोशीनदीको कुशहावाटमा सरकारी सेनासँग हाम्रो घमासान लडाइँ पर्‍यो। दुवैतिरका धेरै धेरै जवान हताहत भए। तीन शय जवानको अगाडि शय जवान टिक्न कठिन थियो। हाम्रो मुक्तिसेनाका जवानहरुको हिन्मत टुट्न लाग्यो। मैले विचार भरे, सरकारी सेना अगाडि बढ्यो भने हाम्रा बाँकी रहेका जवान त अवश्य सोतर हुने नै छन्, सायसाथै विराटनगरका अरू चार शय जवान पनि घेरामा परेर खत्तम हुनेछन्। अनि, मैले आफ्नू सेनाका जवानहरूलाई भनैँ, 'वीर जवान हो आज मर्ने र मार्ने दिन हो। खबरदार। कोही पछि नहट्नू। हाम्रो एक जवान र एक गोली शेष रहेसम्म पनि दुश्मनलाई एक पाइलो अगाडि बढ्न दिनुहुन्न। सङ्ख्यामा थोरै भए पनि हामीसँग सत्य र ईश्वरको बल छ। दुश्मनको मुटु हलिलसकेको छ। बहुतै चाँडो हाम्रो विजय हुनेछ।' "

"अनि?"

"अनि, मेरा जवानहरूले फेरि आफ्नो शौर्य र पराक्रम देखाउन थाले। तर त्यही बेला दुश्मनले हानेको एक-गोली मेरो छातीमा लाग्यो र म बेहोस भएर गिरेँ। होस फिरेपछि मैले आफूलाई यही बेडमा सुतिरहेको पाएँ।"

एकछिनपछि फेरी उसले आँसु झार्दै भन्यो, "बाबू लडाइँमा मैले धेरैपटक मृत्युसँग खेलबाड गरिसकेको छु, त्यसो हुनाले मर्न मलाई अलिकता पनि फिक्री छैन। तर एकपटक डल्लीको मुख हेर्न पाइनँ। ठूलो अपसोच यही कुराको छ।"

"मैले भने अघि पनि तिमीले फौजमा काम गरेका थियौ?"

"जी, अघि मैले २/४ गोर्खा रेजिमेन्टमा पाँच साल नोकरी गरेको थिएँ। दोस्रो ठूलो लडाइँमा हाम्रो पल्टन बर्मामा लडेथ्यो।"

"वीरबहादुर, तिमी बहादुर योद्धालाई यो खबर सुनेर खुशी नै लाग्ला, तिम्रा देवता बाबू पनि अस्तिको लडाइँमा शहीद हुनुभो।"

"अहो, देवता बा पनि बित्नुभो? उहाँ महान् पुरुष हुनुहुन्थ्यो।"

वीरबहादुर आँखा चिम्लेर दुवै हात जोरी एक छिन् मौन रह्यो । अनि फेरी मतिर हेरेर उसले भन्यो, “बाबू, मेरा शरीरका पुर्जाहरू चुँडिन लागेको छन् । घाऊ साह्रै दु:खिरहेको छ । यसपटक म अवश्य बाँच्दिनँ । मेरी डल्लीलाई एउटा चिठी पठाइदिनुहोला ।”

मेरो गहभरी आँसु भो, मैले भनेँ, “तिमी विश्वास राख वीरबहादुर म डल्लीलाई अवश्य चिठी पठाइदिनेछु ।”

मैले वीरबहादुरालई पेनिसिलिनको सुई दिएँ । उसको पथ्यको व्यवस्था मिलाएर आफ्नू चार्ज साथी डाक्टर नरेन्द्रध्वज जोशीलाई सुम्पेर म राति विश्रामको निमित्त डेरातर्फ हिँडेँ ।

मेरा मनमा विचारको ज्वारभाटा चल्न लाग्यो । ओहो, मृत्युको रूप पनि कति प्रकारको हुन्छ । ऊ देशको निमित्त वीरगतिले मर्न लाग्यो, अरू हजारौँ नेपालीहरू ठाउँठाउँमा कुकुर-बिराला मरेजस्तो मरिरहेका छन् । अब डल्लीलाई चिठी पो के भनेर लेखिदिऊँ ? छोरो मरेको वर्ष दिन भएको छैन, लोग्ने परदेशमा यसरी मर्न लागिरहेको छ । जग्गाजमिन साहूले अँठ्याईराखेको छ । चिठी पाउँदा ती दिनहीन विधवाको हृदय कस्तो होला । लोग्नेको क्रियाकाष्टा गर्न पैसा पनि पो छ कि छैन ? अब शायद उनीसँग बन्धक राख्ने गहना पनि केही होवैन । मेरो मन एकतमासको भो ।

## १.६. ६

बिहानैदेखि आकाश बादलले ढाकिरहेको थियो । टाइमटाइमा चिसो बतास चल्थ्यो । पुषको जाडोले तरूण रूप धारण गरेको थियो । म कपडा लागएर अस्पताल जान तयार भइरहेको थिएँ । त्यस्तैमा पर क्षितिजमा ठूलो कोलाहाल गर्दै मानिसहरू आउन लागेको देखेँ । अघिअघि मुक्तिसेनाका हतियारबन्द सिपाहीहरू थिएस त्यसपछि एक हातमा आरती र एक हातमा माला लिएर लिएका महिला स्वयंसेविकाहरूले दल थियो, त्यसपछि आठ जना स्वयंसेवकहरुले एउटा लास बोकेका थिए । लास ठूलो राष्ट्रिय झन्डाले ढाकेर फूलमाला, अबिर, लावाले सिँगारिराखेको थियो । त्यसपछि राष्ट्रिय झण्डा लिएका पुरुष स्वयंसेवक र नागरिकहरूको दल थियो सबै जना जोशका साथ बुलन्द आवाजले नारा लगाइरहेका थिए,

“इन्कलाब - जिन्दाबाद ।”

“वीर शहीद - जिन्दाबाद ।”

“वीरबहादुर - जिन्दाबाद ।”

बुझ्दा, अर्थी मेरै चिरपरिचित वीरबहादुरको रहेछ ।

मेरा आँखाबाट आँसुका धारा बग्न लागे ।